प्रति साधारण शेयर मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१००/- थप गरी प्रति शेयर रु.२००/- अंकित दरका ४,६३,८२६ कित्ता साधारण शेयरहरुको थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.२००/- प्रति शेयरको दरले

दरखास्त दिन पाउने न्यूनतम शेयर : ५० कित्ता

दरखास्त दिन पाउने अधिकतम शेयर : २,३०० कित्ता

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)
नारायणहिटी पथ, वडा नं. १, काठमाडौं, नेपाल, पो.ब.नं.१९६८१, फोन नं.: ४४२७८४२ फ्याक्स नं.: ४४२७०४४
URL: www.ctznbank.com, E-mail: info@ctznbank.com, Swift: CTZNNPKA

साधारण शेयरको थप सार्वजनिक निष्कासन तथा बिक्री खुला अवधि:

निष्कासन खुल्ला मिति	: २०७५/०४/१५ गते
निष्कासन बन्द हुने मिति (छिटोमा)	: २०७५/०४/१८ गते (बैंकिङ्ग समय पश्चात्)
निष्कासन बन्द हुने मिति (ढिलोमा)	: २०७५/०५/१४ गते (बैंकिङ्ग समय पश्चात्)

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो।

निष्काशन कम्पनीको संस्थापक शेयर धारण गरेका शेयरधनीहरु, संचालक वा प्रवन्ध संचालकले यस विवरणपत्र मार्फत निष्काशन गरिने थप सार्वजनिक निष्काशन (Further Public Offering) मा आवेदन दिन पाउने छैन।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७५/०३/३२ नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको : मिति २०७५/०४/०२, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको : मिति २०७५/०४/०४

१. संगठित संस्थाको नाम : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (Citizens Bank International Limited)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमति अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १, नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौमा रहेको छ।

३. कारोवार गर्ने मुख्य स्थान :

बैंकले बागमति अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १, नारायणहिटी पथ, काठमाण्डौमा आफ्नो प्रधान कार्यालय खोलि बैंकिङ्ग कारोबार गरिरहेको छ। यसको अतिरिक्त बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई उपत्यका भित्र तथा उपत्यका बाहिर विभिन्न जिल्लाहरुमा ६८ शाखा कार्यालयहरु खोलि सकेको छ। जस मध्ये **उपत्यका बाहिर क्रमशः** विराटनगर, वीरगञ्ज, पोखरा, नेपालगञ्ज, नारायणघाट, बुटवल, धनगढी, दमक, वर्दिवास, बिर्तामोड, बेनी, घोराही, गाईघाट, महेन्द्रनगर, पथलैया, हुम्ला, चरिकोट, इटहरी, जनकपुर, सुर्खेत, हेटौडा, जुम्ला, जाजरकोट, सिद्धार्थनगर, कोल्हवी, डोल्पा, बाग्लुङ्ग, निजगढ, बफाड, सानोश्री, भोजपुर, धरान, गौशाला, बनेपा, चामे, छहरा, भुमहि, मनहरी, हल्दीवारी, वढैयाताल, सर्केगाड, औरही, वंगलाचुली र सिमलचौर तथा **उपत्यका भित्र क्रमशः** बौद्ध, न्यूरोड/खिचापोखरी, कुमारीपाटी, कोटेश्वर, कलंकी, ठहिटी, नयाँ बजार, मैतिदेवी, कीर्तिपुर, नारायण गोपाल चोक, कपन, मध्यपुर ठिमी, भक्तपुर, कोपुण्डोल, सामाखुशी, थापाथली, डिल्लीबजार, महाबौद्ध, त्रिपुरेश्वर, नयाँ बानेश्वर, चावहिल, कुलेश्वर, भैंसिपाटी, ग्वार्को, मार्फत आफ्नो बैंकिङ्ग कारोबार संचालन गर्दै आइरहेको छ। बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकताअनुसार भविष्यमा शाखा विस्तार गरी अधिराज्यभर नै कारोबार गर्न सक्नेछ।

४. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

कम्पनीको संक्षिप्त परिचय :

सिटिजन्स बैंक इन्टरनेसनल लि., कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६३/६/२७ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६४/१/५ मा नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६४/१/७ देखि बैंकले आफ्नो बैंकिङ्ग कारोवार संचालन गरिरहेको छ। यस बैंकका संचालक एवं संस्थापकहरुमा बैंकिङ्ग क्षेत्र, औद्योगिक क्षेत्र, सामाजिक क्षेत्र, व्यवस्थापन, ब्यापारको अलावा इन्जिनियरिङ्ग क्षेत्रमा लामो समयदेखि आवद्ध ख्यातिप्राप्त प्रतिष्ठित व्यक्तिहरु रहेका छन्। साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा दर्ता भई सर्वसाधारणलाई ४९ प्रतिशत शेयर बिक्री गरेको तथा २०६५ साल देखिहाल सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा "क" वर्गमा वर्गीकरण भई रहेको छ।
लगानीकर्ताहरुलाई स्थापना भएको दोस्रो आर्थिक वर्षदेखि हालसम्म निरन्तर प्रतिफल प्रदान गर्दै आइरहेको छ।

कम्पनीको मुख्य उद्देश्य :

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, र अन्य प्रचलित नेपाल कानुनको अधिनमा रही वित्तीय कारोवार (बैंकिङ्ग ब्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ।

(१) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(२) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक आन्तरिक तथा बाह्य वित्तीय साधन स्रोत जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(३) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र
(४) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

५. संगठित संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : बैंक अधिकृत पूँजी रु.१०,००,००,००,०००/- (अक्षेरुपी दश अर्ब मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १०,००,००,००० (दश करोड) थान शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी : बैंकको जारी पूँजी रु.८,०७,९६,१९,०००/- (अक्षेरुपी रु. आठ अरब सात करोड छ्यानब्बे लाख उनाइस हजार मात्र) हुनेछ। सो पूँजीलाई रु.१००/- का दरले ८,०७,९६,१९० (आठ करोड सात लाख छ्यानब्बे हजार एक सय नब्बे थान) साधारण शेयरमा विभाजित गरिएको छ।

चुक्ता पूँजी : बैंकको तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु. ८,०३,३२,३६,४००/- (अक्षेरुपी रु. आठ अरब तीन करोड वत्तीस लाख छतिस हजार चार सय मात्र) हुनेछ।

६. थप सार्वजनिक निष्कासन (फर्दर पब्लिक इस्यू) गरी बाँडफाँड गरे पश्चात् बैंकको चुक्ता पूँजीको संरचना :

थप सार्वजनिक निष्कासन (फर्दर पब्लिक इस्यू) गरी बाँडफाँड गरे पश्चात् बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

क्र.सं.	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयर	४१,२०६,०५७	५१.००	४,१२,०६,०५,७००/-	१००
२.	सर्वसाधारण शेयर	३९,५९०,१३३	४९.००	३,९५,९०,१३,३००/-	१००
	कूल शेयर	८०,७९६,१९०	१००.००	८,०७,९६,१९,०००/-	१००

७. आधारभूत शेयरधनी/संचालक सम्वन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	शेयरधनीको नाम	ठेगाना	शेयर संख्या (कित्ता)	शैक्षिक योग्यता	अनुभव
१	जनक बिष्ट	कुलेश्वर, काठमाडौ	३,२२०,०२३	एस.एल.सी.	उद्योगी, व्यवसायी
२	उर्मिला पाण्डे	बालुवाटार, काठमाडौ	२,९४१,०५९	एस.एल.सी.	गृहिणी
३	सिटिजन्स इन्भेष्टमेन्ट ट्रष्ट श्री माहाशरम शर्मा - अध्यक्ष श्री शंकर प्रसाद खरेल - सञ्चालक श्री चन्द्र सिंह सौद - सञ्चालक श्री कमलेश कुमार अग्रवाल - सञ्चालक श्री सुरेन्द्र थापा - सञ्चालक श्री अशोक बुढाथोकी - सञ्चालक	नयाँ बानेश्वर, काठमाण्डौ	२,६४३,३८५	लागु नहुने	लागु नहुने

७. दरखास्त फाराममा गलत विवरण भरेको वा उल्लेख गर्नुपर्ने सम्पूर्ण विवरण उल्लेख नगरेको वा भरेको नापाइएमा सो दरखास्त फारमलाई रद्द गरिनेछ।
८. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायवाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रवन्धकले त्यस्ता रखास्त फारमलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयमले बुझ्नु पर्नेछ।
९. धितोपत्र बाँडफाँट गर्नु पूर्व अधिकार प्राप्त अधिकारी वा निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय स्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरन्त निष्काशन तथा बिक्री प्रवन्धकलाई दिनु पर्नेछ।
१० रु.१०,००,०००/- सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा दरखास्त फाराममा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ। साथै रु.१० लाख वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफूले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप गरी आर्जन नगरेको भन्ने उदघोषण गर्नु पर्नेछ।
११. शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफनो हितग्राही खाता नम्बर आवेदन फारममा उल्लेख गर्नु पर्नेछ।
१६. रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सोको जिम्मेवार दरखास्तवाला स्वयम हुनेछ।

१९. विवरणपत्र पाईने स्थानहरु :

सि.नं.	कम्पनीको नाम, ठेगाना
१.	ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाडौं, वेभसाइट www.globalimecapital.com
२.	सिटिजन्स बैंक लिमिटेड, नारायणहिटी पथ, काठमाण्डौं तथा यसका शाखा कार्यालयहरु, वेभसाइट www.ctznbank.com

दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	कम्पनीको नाम, ठेगाना
१.	सम्पूर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तीनका तोकिएका शाखा कार्यालयहरु।

२०. निष्काशन बैंक (Bankers to the Issue) :

सि.नं.	निष्काशन बैंकको नाम र ठेगाना	खाता नं.
१.	सिटिजन्स बैंक इण्टरनेसनल लिमिटेड, नाराहिटी पथ, दरवारमार्ग, काठमाडौं	००१००००५८७CC

२१. धितोपत्र बिक्री खुला अबधि :

यस विवरणपत्रद्वारा थप सार्वजनिक निष्कासन (फर्दर पब्लिक इस्यु) मार्फत सर्वसाधारणमा जारी गरिने शेयरहरुका लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट बढीमा ३० दिनसम्म खुल्ला रहने छ। थप सार्वजनिक निष्कासन (फर्दर पब्लिक इस्यु) मार्फत निष्कासन गरिने शेयरको लागि आवेदन दिने कार्य कम्तीमा चार कार्य दिनका लागि खुल्ला गरिनेछ।

२२. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम बैंकले नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाडौंबाट मिति अप्रिल १२, २०१८ को पत्रबाट क्रेडिट रेटिङ्ग गराई " [ईक्राएनपि] आईपिओ ग्रेड ३" प्रमाणपत्र प्राप्त गरेको छ। ईक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ। ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus)चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ। क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

सार्वजनिक निष्कासन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र समाधानका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा एक कक्षको व्यवस्था गरिएको छ। साथै लगानीकर्ताहरुले धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा नलिना श्रेष्ठलाई फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४ तथा E-mail:info@gicl.com.np बाट आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:

Global IME Capital Limited
GROW WITH US
पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

मिति २०७५/०४/०८ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने